नेपाल सरकार
खानेपानी मन्त्रालय
**ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति**
पो.ब.नं.: १२४१४, शिवमार्ग, महाराजगञ्ज, काठमाडौं
फोन :४००३०१०, फ्याक्स : ४००३०११ टोल फ्री नं. १६६००१०३०१०

# कोरोना भाइरस (COVID-19) बाट हुने सङ्क्रमणको वर्तमान अवस्थामा कोष विकास समिति र सहयोगी संस्थाका कर्मचारी एवं खानेपानी आयोजनाको निर्माणमा खटिने व्यक्तिहरूले पालना गर्नु पर्ने आचार संहिता

हाल सम्पूर्ण विश्व नै कोरोना भाइरसबाट हुने सङ्क्रमण अर्थात् कोभिड-१९ बाट आक्रान्त छ, यसबाट नेपाल पनि अछुतो छैन । यो रोगका विरूद्धमा हालसम्म कुनै खोप र प्रभावकारी उपचार पद्धति पत्ता लागिनसकेको हुँदा यसको सङ्क्रमणबाट बच्न विश्व स्वास्थ्य संगठन र नेपाल सरकारद्वारा जारी सतर्कताका उपायहरू अनिवार्य रूपले अवलम्बन गर्न आवश्यक छ । जसमध्ये भीडभाडमा नजाने, नाक मुख राम्ररी ढाक्ने गरी मास्क लगाउने, समय समयमा साबुन पानीले मिचीमिची हात धुने वा स्यानिटाइजर दल्ने र मानिस मानिस बीचमा सामाजिक/शारीरिक दूरी कायम गर्ने कार्यहरू प्रमुख छन् ।

कोभिड-१९ बाट सुरक्षित रहन अपनाइएको बन्दाबन्दी लगायतका कदमहरूले गर्दा मानिसहरूको जनजीवनमा नकारात्मक असर परेकाले अत्यावश्यक सेवाका क्षेत्रहरूको काम रोकिरहन उचित नभएको ठहर गरी २०७७ वैशाख १७ गते बसेको नेपाल सरकार, मन्त्रिपरिषदको बैठकले अति आवश्यकीय क्षेत्रका कार्यहरू सामाजिक र मानवीय दूरीको हेक्का राख्दै उचित सावधानी अपनाएर सञ्चालन गर्ने अनुमति दिएको छ । मन्त्रिपरिषद्को निर्णय/निर्देशनको बुँदा नं. ४ (ङ) अनुसार यस्ता कार्यहरूमा राष्ट्रिय गौरवका आयोजना, सरकारी तथा निजी स्तरबाट सञ्चालित जलविद्युत आयोजना, खानेपानी आयोजना, विमानस्थल, सडक तथा पुल निर्माण, सरकारी भवन निर्माण तथा प्रबलीकरण पर्दछन् । एकपटकमा एक स्थानबाट अधिकतम दश जना नबढ्ने गरी अन्य शहरी पूर्वाधार विकास निर्माणका कामहरू, स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गरी/गराई सञ्चालन गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय भएकाले तदनुरूप कोष विकास समितिले आफ्नो मातहतमा रहेका कर्मचारीहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी सम्पूर्ण कर्मचारीहरूलाई कार्यालय प्रवेश गर्नु अघि अनिवार्य रूपले हात धुने, यथासक्य आफ्नो कार्यकक्षबाट अर्को कर्मचारीको कार्यकक्षमा नजाने र जानै पर्ने अवस्थामा मास्कको प्रयोग गर्ने जस्ता आधाराभूत सरसफाइ र स्वच्छताका विषयमा जानकारी गराई तदनुरूप कामहरू भइरहेका छन् । यसरी नै कोष विकास समितिसँग आबद्ध भई विभिन्न समुदायमा कार्यरत सहयोगी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूले खानेपानी तथा सरसफाइ आयोजनामा कार्यरत दक्ष र अर्ध दक्ष कामदारहरूलाई आयोजनाहरूको बाँकी काम सम्पन्न गर्न परिचालन गराउन यस आचार संहिताले निर्दिष्ट गरेका निम्नानुसारका बुँदाहरूको पालना गरी कार्य सञ्चालन गर्न सूचित गरिन्छ :

१. कोष विकास समिति र सहयोगी संस्थाहरूले नेपाल सरकारको स्थानीय तहका सरकारी कार्यालयहरू गाउँपालिका र नगरपालिकासँग सामग्री ढुवानी तथा निकासीका लागि आवश्यक समन्वयमा रही कार्य गर्ने गराउने ।

२. यदि अर्को समुदाय वा विदेशबाट आएका व्यक्तिहरूलाई आयोजनाको अर्ध दक्ष र दक्ष काममा लगाउनु पर्ने भएमा सहयोगी संस्थाहरूले उनीहरूको स्वास्थ्य अवस्था जाँच गराउनका लागि स्थानीय सरकारसँग आवश्यक समन्वय र सहयोग गर्ने ।

३. सहयोगी संस्थाका कर्मचारीहरूले अनिवार्य रूपमा अर्ध दक्ष र दक्ष कामदारहरूको समूहलाई कोभिड-१९ र यसबाट बच्ने उपाय सम्बन्धमा अभिमुखीकरणको व्यवस्था मिलाउने, यस रोगबाट बच्ने उपाय सम्बन्धमा कोष विकास समितिबाट

प्रसारण भइरहेको कोभिड-१९ सम्बन्धी रेडियो कार्यक्रम, सूचना तथा सन्देशमूलक सामग्रीहरूको प्रयोग गरी सूचना प्रवाह गर्ने तथा नेपाल सरकारद्वारा प्रकाशित ब्रोसर, पोष्टर तथा अन्य सामग्री सामग्रीहरूको प्रयोग गर्ने ।

४. सहयोगी संस्थाका कर्मचारीहरूले कोभिड-१९ सम्बन्धी बारम्बार फैलिने भ्रामक र गलत समाचारहरूबाट सरकोरवालाहरूमा कुप्रभाव नपरोस् भन्नका निम्ति त्यस्ता समाचारहरूको खण्डन गरी समुदायमा सत्य तथ्य सूचना मात्र सम्प्रेषण गर्ने ।

५. कामदारहरू कुनै किसिमको दीर्घ रोगबाट ग्रसित भएको पाइएमा त्यस्ता कामदारहरूलाई काममा नलगाउने । उनीहरूको १४ दिनको क्वारेन्टाइन बसाइपछि स्वास्थ्य जाँच गरी पूर्ण स्वस्थ रहेको र थप समय काम गर्न इच्छुक भएको पाइएमा मात्र कामका लगाउने ।

६. आयोजनाका संरचनाका आवश्यक सामग्रीहरूको ढुवानी तथा निकासीका लागि नेपाल सरकारका स्थानीय सरकारी कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय र गाउँपालिका/नगरपालिकासँग सहयोगी संस्थाहरूले आवश्यक समन्वय गर्ने गराउने ।

६. खानेपानी आयोजनामा कार्यरत कामदारहरूका लागि हातधुने व्यवस्थापनका लागि जस्तैः पानी, साबुन तथा स्यानिटाइजरको व्यवस्था मिलाउने र उनीहरूलाई एक अर्काको संसर्गमा नरहन तथा दुई वा दुईजना भन्दा बढी कामदारले एकै स्थानमा कार्य गर्नु परेमा काम गर्दाकै समयमा साबुन पानीले बेला बेलामा मिचीमिची हात धुन निर्देशन दिने ।

७. पुरूष कामदारहरूका लागि सुत्ने कोठा वा पलङ सकभर बेग्लाबेग्लै भएको हुनु पर्ने र महिला कामदार भएको अवस्थामा पनि महिला कर्मचारीहरूलाई पनि यसको व्यवस्थापनका लागि सहयोगी संस्थाले मिलाउन सहयोग गर्ने ।

८. सामान ढुवानी गर्दा एक वा दुई जना मात्र उक्त कार्यमा खटाउने र काम सकिने बित्तिकै साबुन पानीले हात धुने र उक्त कार्य गर्दा लगाएको कपडा सकभर फेर्ने व्यवस्था मिलाउने ।

९. सहयोगी संस्थाले समुदायमा कामगर्ने कामदारहरूका लागि साबुन, स्यानीटाइजर, पञ्जा, मास्क जस्ता स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।

१०. कामदारहरू काँचो तथा चिसो पेय पदार्थ नखान सूचित गर्ने साथै मासु तथा मासुजन्य पदार्थ राम्ररी पकाएर मात्र खाने सल्लाह दिने ।

११. आयोजनाको काममा संलग्न कामदारहरूलाई रूघा, खोकी लागेमा तथा १००. ०४ डीग्री भन्दा बढी ज्वरो आएमा अनिवार्य रूपमा स्थानीय स्वास्थ्य संस्थामा लगी जँचाउने व्यवस्था मिलाउने र त्यस स्थानमा उक्त रोगको उपचार सम्भव नभएको अवस्थामा उक्त स्वास्थ्य संस्थाले सिफारिस गरेका जिल्लास्थित स्वास्थ्य संस्था वा अन्य अस्पतालमा चेकजाँचका लागि पठाउन आवश्यक समन्वय गर्ने गराउने ।

११. खोक्दा वा हाच्छ्युँ गर्दा रूमालले मुख छोप्ने, रूमाल नभएको अवस्थामा पाखुराले नाक मुख छोप्ने, यसो गर्दा थुक र र्‍यालका छिटाहरूबाट अन्य व्यक्ति सङ्क्रमित हुन पाउँदैनन् ।

१२. शारीरिक साथै सामाजिक दूरी कायम गरी तोकिएका कार्यहरू समयमा सम्पन्न गर्ने ।

१३. हाल सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरूको कार्यमा सहयोगी संस्थाका कर्मचारीहरू, आयोजनामा कार्यरत दक्ष र अदक्ष श्रमिक तथा कामदार, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका प्रतिनिधि र उपभोक्ताहरूले

समुदायमा खानेपानी आयोजनाको काममा खटिँदा देहाय बमोजिमको सावधानी अपनाउनु पर्नेछ । यसका साथै कोष विकास समिति, सहयोगी संस्था र उपभोक्ता समितिहरूले देहाय बमोजिमको फारममा आ-आफ्नो आयोजना क्षेत्रमा कोभिड-१९ को सङ्क्रमणबाट बच्न, बचाउनका लागि गरिएका दैनिक क्रियाकलापहरू जिम्मेवार व्यक्ति तथा निकायहरू मार्फत गरी गराई सोको अद्यावधिक विवरण कोष विकास समितिमा पेश गर्नुपर्नेछ ।

## कोष विकास समिति, सहयोगी संस्था र उपभोक्ता समितिको काम, कर्तव्य र जिम्मेवारी

| क्र. सं. | दैनिक गर्नु पर्ने कार्य | सहयोग पाउने व्यक्ति/निकाय | जिम्मेवार व्यक्ति तथा निकाय |
|---|---|---|---|
| १ | ज्वरो नाप्ने | सहयोगी संस्थाका कर्मचारी, आयोजनाका दक्ष अदक्ष श्रमिक, सामग्री ढुवानीमा संलग्न व्यक्तिहरू | सहयोगी संस्थाको सहयोगमा खानेपानी तथा सरसफाइ प्राविधिक |
| २ | आयोजनाका कार्य गर्दा सामाजिक तथा शारीरिक दूरी कायम गरी आयोजनाका कार्य गरे नगरेको अनुगमन गर्ने | सहयोगी संस्थाका कर्मचारी, आयोजनाका दक्ष अदक्ष श्रमिक, सामग्री ढुवानीमा संलग्न सहयोगी तथा उक्त काम गर्ने व्यक्तिहरू | सहयोगी संस्थाको सहयोगमा खानेपानी तथा सरसफाइ प्राविधिक |
| ३ | व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग (माक्स, पञ्जा लगायतका अन्य सुरक्षा सामग्रीहरू) भए नभएको यकीन गर्ने | सहयोगी संस्थाका कर्मचारी, आयोजनाका दक्ष अदक्ष श्रमिक, सामग्री ढुवानी गर्दाका सहयोगी, उपभोक्ता समितिका पदाधिकारी तथा उक्त काममा सहयोग गर्ने व्यक्तिहरू | सहयोगी संस्थाको सहयोगमा खानेपानी तथा सरसफाइ प्राविधिक |
| ४ | सम्बन्धित आयोजनामा कार्यरत सहयोगी संस्थाका कर्मचारीहरू, श्रमिक, आगन्तुक वा पर्यवेक्षकहरूलाई कोभिड-१९ को सङ्क्रमणबाट बच्ने सुरक्षा उपाय सम्बन्धी जानकारी भए नभएको सुनिश्चित गरी नभएमा जानकारी दिने | सहयोगी संस्थाले आफ्ना कर्मचारीहरू सँग समन्वय गरी आयोजनामा कार्यरत सहयोगी संस्थाका कर्मचारीहरू, श्रमिक, आगन्तुक वा पर्यवेक्षकहरू | सहयोगी संस्थाको सहयोगमा खानेपानी तथा सरसफाइ प्राविधिक |
| ५ | कुनै व्यक्तिलाई कोभिड-१९ को सङ्क्रमण भएमा वा निजको सम्पर्कमा रहेका व्यक्तिलाई पुनः जाँचका लागि वा क्वारेन्टिनमा राख्न सिफारिस गर्ने कार्य | सहयोगी संस्थाले आफ्ना कर्मचारीहरूसँग समन्वय गरी आयोजनामा कार्यरत सहयोगी संस्थाका कर्मचारीहरू, श्रमिक, आगन्तुक वा पर्यवेक्षकहरू | सहयोगी संस्थाले स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी उपभोक्ता समितिका अध्यक्ष |
| ६ | स्थानीय समुदायसँग कोभिड-१९ बाट बच्ने बचाउने उपायहरूबारे जानकारी आदान प्रदान गाउँपालिका वा नगरपालिकाको वडासँग समन्वय र सहजीकरण गर्ने | | उपभोक्ता समितिका अध्यक्ष |
| ७ | कोभिड-१९ को सङ्क्रमणबाट बच्ने उपाय सम्बन्धी सूचना सम्प्रेषण गर्ने | रेडियो कार्यक्रम, सूचना तथा सन्देशमूलक सामग्रीहरूको सम्प्रेषण | कोष विकास समिति |

- ☞ कोभिड-१९ को जोखिम न्यूनीकरण गर्ने कार्यको उत्तरदायित्व वहन गरी कोष विकास समिति र सहयोगी संस्थाहरूसँग समन्वय गर्नका लागि समितिका मानव संशाधन तथा कार्यक्रम विकास महाशाखा प्रमुख एवं सूचना अधिकारी श्री टीका अधिकारीलाई कोभिड-१९ सम्बन्धी कार्यक्रमको फोकल पर्सनका रूपमा जिम्मेवारी दिइएको छ। निजसँग कार्यालयको टेलिफोन नं ०१-४००३०१०, ०१-४००३०१२, ०१-४००३०१३ वा टोल फ्री नम्बर १६६००१०३०१० मा सम्पर्क गर्न सकिनेछ।
- ☞ आयोजनामा काम गर्ने कामदारहरू संभव भएसम्म स्थानीय समुदायकै हुनुपर्नेछ। कामदार स्वदेशका अन्य स्थान वा छिमेकी देशबाट ल्याउनु पर्ने अवस्था भएमा सहयोगी संस्थाले स्थानीय सरकारी तह (गाउँपालिका वा नगरपालिका) सँग समन्वय गरी नेपाल सरकारको नीति नियम अनुकुल हुने गरी कार्य गराउनु पर्नेछ।
- ☞ माक्स, पञ्जा लगायतका सुरक्षा सामग्री प्रयोग गरिसकेपछि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट घोषित मापदण्ड अनुसार गाउँपालिका/नगरपालिकासँग समन्वय गरी त्यस्ता सामग्रीहरूको उचित व्यवस्थापन/विसर्जन गर्ने (कागजजन्य वस्तु भए जलाएर नष्ट गर्ने) गर्नु पर्दछ।